नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २८८ २०८२ साल असार ९ गते सोमबार (23 June 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लक्ष्यभन्दा आधा पनि उठ्न... ३ पृष्ठमा : वीरगञ्ज नाकाबाट एक खर्ब ... ३ पृष्ठमा :अमेरिकी आक्रमणले ...

## नगरपालिका कर्मचारीको धर्ना यथावत

## सर्वदलिय बैठकको निर्णय बारे आफूहरुलाई कुनै जानकारी छैन् : अध्यक्ष देव



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

विगत एक सातादेखी धर्नामा बसेका राजविराज नगरपालिकाका कर्मचारीहरुको धर्ना कार्यक्रमलाई आइतबार पनि निरन्तरता दिएका छन् ।

नेपाल नगरपालिका कर्मचारी एशोसिएशन ईकाइ समिति राजविराज नगरपालिकाका अध्यक्ष कल्पना देवले जिल्ला प्रशासन कार्यालयमा शुक्रबार भएको सर्वदलिय बैठकको निर्णय बारे आफूहरुलाई कुनै जानकारी नआएको बताएकी छिन् ।

उनले आफूहरुको माग बारे नगरपालिकाको तर्फबाट कुनै जानकारी नआएको बताउँदै पीडित पक्षहरुको कुरा नसुनेर गरिएको निर्णयको कुनै औचित्य नहुने समेत बताइन ।

"आफूहरुको मागप्रति कुनै सुनुवाई भएको छैन्, हामी नगरपालिका परिसरमै धर्नामा बसेका छौं" उनले भनिन्, "सर्वदलिय बैठकले के निर्णय गऱ्यो, थाहा छैन्, नगरपालिकाले पनि कुनै जानकारी दिएको छैन् ।"

गत जेठ २७ गते मंगलबार कर्मचारीहरु बारुणयन्त्रको छेउमा उभिरहेको बेला पूर्वग्राही तथा सुनियोजित रुपमा आफूसहित लेखा अधिकृत शत्रुधनलाल दास र शहरी स्वास्थ्य क्लिनिकका अहेव संतोष कुमार दास माथि संघातिक आक्रमण आक्रमण, कुटपीट र लुटपाट घटनाका पीडितहरुले न्याय पाउनुपर्ने कर्मचारीहरुको माग छ ।

निलम्बित नगरप्रमुख भिमराज यादवको निर्देशनमा मलाई गालिगलौजसहित सडकमा घिसारी ज्यानमार्ने धम्की दिदै लेखा अधिकृत दासलाई मर्नासन्न हुने गरी कुटपिट गरिएको अध्यक्ष देबले बताउँदै लेखापालले लगाएको सुनको सिक्री समेत लुटपाट गरिएको उल्लेख गरिन ।

यसअघि जेठ २२ गते सव इन्जिनियर रविन्द्र कुमार यादवको डेरमै गई नियम विपरित कार्य गर्न दवाव दिदै गालि गलौज तथा वेईज्जत समेत गरिएको यसअघि अध्यक्ष देबले पत्रकार सम्मेलन गरेर आरोप लगाएकी थिईन् ।

यस्तो घटनाले सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएको हुँदा पीडितलाई न्याय, दोषीलाई कानून बमोजिम कारबाही, सुरक्षाको प्रत्याभूति र सहज वातावरण नबने सम्म अत्यावश्यक सेवामा खटिएका बाहेकका कर्मचारीहरु काममा नफर्किने पुरानै माग सहित नगरपालिकाको मुल गेटमै कर्मचारीहरु धर्नामा बस्दै आएका छन् ।

अहिले सम्ममा ११ प्रतिशत जति बिकासिय बजेट खर्च भएको र सञ्चालनमा रहेका योजनाहरु सम्पन्न भए ३८ देखि ४० प्रतिशत सम्म बजेट खर्च हुन सक्ने लेखा अधिकृत दासको अनुमान छ । कर्मचारीको आन्दोलनका मागहरु सम्बोधन भएन र यसरी नै नगरपालिकाको कामकाज ठप्प रह्यो भने बजेट फ्रिज हुने उनले बताए ।

जेठ २७ गते मंगलबार

*बाँकी अन्तिम पृष्ठमा*

## चार दिनअघि मात्र मुख्यमन्त्रीले शुभारम्भ गरेका विद्युतको ट्रान्सफर्मर तोडफोड



**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले शुभारम्भ गरेको थ्री फेज कृषी विद्युतिकरण कार्यको चार दिन नबित्दै शनिबार मध्य राती विद्युतको ट्रान्सफर्मर तोडफोड गरिएको पाइएको छ ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाले वडा नं. ६ अन्तरगत किसानहरुका लागि लगाइएको थ्री फेज कृषी विद्युतीकरणको एक सय केभिएको ट्रान्सफर्मर शनिबार मध्यराती तोडफोड गरि खेतमा फ्यालिएको अवस्थामा पाइएको हो ।

पालिकाका नगरप्रमुख बिरेन्द्र माझीले किसानहरुका लागि जडान गरिएको ट्रान्सफर्मर तोडफोड गरि खेतमा फ्यालिएको घटनाप्रति दुःख व्यक्त गर्दै प्रहरीले घटनको अनुसन्धान थालेको जानकारी दिए ।

"राती ११/१२ बजेसम्म किसानहरुले मोटरबाट खेतमा सिंचाई गरे" नगर प्रमुख माझीले भने, "मध्यरातीको २/३ बजेतिरको घटना

*बाँकी अन्तिम पृष्ठमा*

## दुई मोटरसाईकल एक आपसमा ठोक्किदा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**

दुई मोटरसाईकल एक आपसमा ठोक्किदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाईते भएका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भलुवा जाने सडक खण्डमा आइतबार बिहान ६ बजे कंकालिनी मन्दिरबाट भलुवातर्फ जाँदै गरेको को.१०प. ५६२ नम्बरको मोटरसाइकल र बिपरीत दिशाबाट आइरहेको बा.५५प. ६६३९ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएर दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका बा.५५प.६६३९ नम्बर मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका ११ स्थित राजपुर घर भएका १९ वर्षीय अविनाश मण्डलको गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका क्रममा मृत्यु भएको हो ।

त्यसैगरी को.१०प.५६२ नम्बर मोटरसाइकलका चालक कंचनरुप नगरपालिका १ बैरवा निवासी ३४ वर्षीय ओम प्रकाश पंजियारको विराटनगरस्थित न्युरो अस्पतालमा उपचारकै क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायव उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए ।

दुर्घटनामा सोही मोटरसाइकलमा पछाडि सवार कञ्चनरुप १ का ३० वर्षीय सुभाष महतो सामान्य घाइते

*बाँकी अन्तिम पृष्ठमा*

डिजिटल कारोवारबारे सचेत बनौं ।

**डिजिटल बैंकिङ्गको सुरक्षाका लागिः**

- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi-Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।

"डिजिटल कारोवार सुरक्षित बनाऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### कक्षा कोठामा मोवाइल बन्देज गरौं

विद्यार्थीहरुलाई कक्षा कोठामा मोवाइल बोक्न पूर्ण रुपले बन्देज गर्नुपर्छ । तर यो अहिले एउटा जटिल समस्याको रुपमा देखापरेको छ । शिक्षकले पढाइरहेको बेला विद्यार्थीहरुले मोवाइलको प्रयोग गरिरहेका हुन्छन् । जसकारण शिक्षकले सिकाइरहेका कुराप्रति उनीहरुको ध्यान जादैन् । यसतर्फ अभिभावकहरुले ध्यान नदिंदा विद्यार्थीहरु पढाईभन्दा अन्य कामहरुमा समेत व्यस्त हुन थालेका छन् । प्रायः जसो निम्न माध्यमिक र माध्यमिक विद्यालयका विद्यार्थीहरु मोवाइल प्रयोग गर्ने गरेका छन् विद्यालय प्राङ्गणमा होस् या कक्षामा पढाई भइरहेकै अवस्थामा पनि विद्यार्थीहरु मोवाइल प्रयोग गर्ने गरेका छन् ।

हुन त अहिलेको समयमा मोवाइल एउटा संचार माध्यमको साटो मनोरन्जनको रुपमा बढी प्रयोग गरिएको पाइन्छ । यसले पठनपाठनमा नकारात्मक असर पारिरहेको छ । मोवाइलले फाइदा पुऱ्याएपनि यसको वेफाइदा पनि धेरै हुन्छन् । मोवाइलमै गीत सुन्ने, भिडियो हेर्ने कामले अहिलेका विद्यार्थीहरु अध्ययनभन्दा पछाडि पर्दै गएको छ । हुन त संचार क्षेत्रले फड्को मार्दै गएपछि विद्यार्थीहरु पनि मोवाइल बोक्ने क्रम बढेको हो । अहिले निजी तथा ग्रामिण भेगका सामुदायिक विद्यालयहरुमा समेत मोवाइल बोक्ने विद्यार्थीहरु देखा पर्न थालेका छन् । कक्षाकोठाभित्र मोवाइल प्रयोग हुन नदिन धेरै हदसम्म नियन्त्रण भएको शिक्षकहरुले बताइरहेपनि यसतर्फ ठोस पहल भएको देखिन्न । कम्तीमा कक्षाकोठाभित्र यस्तो काममा रोक लगाउनुपर्ने आवश्यक्ता रहेको छ ।

तसर्थ मोवाइल प्रयोग गर्न दिन नहुनेमा अभिभावक नै सचेत नभएकोले त्यसतर्फ ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । संचार सम्पर्कमा रहनु सकारात्मक भएपनि मोवाइल बोकेर कक्षाकोठासम्म जानु अध्ययन, अध्यापनमा बाधा पुऱ्याउनु बाहेक केहि पनि होइन् ।

# लक्ष्यभन्दा आधा पनि उठ्न सकेन बाह्य ऋण

काठमाडौं, ८ असार (रासस) ।

चालु आर्थिक वर्षमा रू दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने भनेर बजेट स्रोत देखाएको सङ्घीय सरकारले हालसम्म वार्षिक लक्ष्यको आधा पनि उठाउन सकेको छैन ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको गत जेठ मसान्तसम्मको सार्वजनिक ऋणको प्रतिवेदनअनुसार रू ९९ अर्ब २० करोड १७ लाख बराबर बाह्य ऋण उठाइएको छ । यो वार्षिक लक्ष्यको ४५ दशमलव ७२ प्रतिशत हो । अर्कोतर्फ सरकारले चालु आवका लागि राखेको आन्तरिक ऋणको लक्ष्य भने शतप्रतिशत प्राप्ति हुने देखिएको छ ।

गत जेठ मसान्तसम्ममा सरकारले वार्षिक लक्ष्यको ९५ दशमलव ४५ प्रतिशत आन्तरिक ऋण उठाइसकेको छ । चालु आवका लागि रू तीन खर्ब ३० अर्ब आन्तरिक ऋण उठाउने भनिएकामा पछिल्लो ११ महिनामा रू तीन खर्ब १५ अर्ब हाराहारी उठिसकेको छ ।

सरकारले अधिकांश बाह्य ऋणलाई पुँजीगत शीर्षक अर्थात् विकास आयोजनामा खर्च हुने बजेट स्रोतका रूपमा देखाएको हुन्छ । अहिले विकास आयोजनाको काम सुस्त हुँदा र खर्च गर्न नसक्दा वैदेशिक ऋण प्राप्ति कमजोर देखिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख गोपीकृष्ण कोइरालाले बताउनुभयो ।

"दुईपक्षीय वा बहुपक्षीय निकायबाट आउने बाह्य ऋण विभिन्न विकास आयोजनामा खर्च गर्नेगरी सहमति भएको हुन्छ । आयोजनामा काम गरेका आधारमा त्यसको भुक्तानी र शोधभर्ना हुँदै जाने हो । हाम्रा निकायले तोकिएका समयमा काम गर्न नसक्दा बाह्य ऋण प्राप्ति कमजोर भएको हो", कोइरालाले राससँग भन्नुभयो ।

बाह्य ऋणलाई स्रोत देखाइएका अधिकांश आयोजनामा पहिले आन्तरिक स्रोतबाट खर्च भएर पछि शोधभर्ना हुने गरेको उहाँको भनाइ छ । दातृ निकायबाट हुने बाह्य ऋण प्रतिबद्धताको रकम सोझै सरकारको खातामा आउने नभई सम्बन्धित आयोजनाको काम सम्पन्न भएको आधारमा प्रगति देखिने भएकाले यस वर्ष बाह्य ऋण प्राप्ति कमजोर देखिएको हो ।

"दातृ निकायहरुले बढीजसो 'बजेटरी सपोर्ट' भन्दा पनि 'प्रोजेक्ट फाइनान्सिङ' गरेको हुन्छ । आयोजनामा काम भयो भने पैसा आउने हो, काम हुन सकेन भने आउँदैन", कार्यालयका प्रमुख कोइरालाले भन्नुभयो । आयोजना कार्यान्वयन गर्ने सम्बन्धित विषयगत मन्त्रालय र मातहतका निकाय जिम्मेवार हुने भएकाले कुनै एक मन्त्रालय वा निकायको कमजोरीका कारण नभई समग्र विकास खर्च कमजोर देखिएकाले त्यसको प्रभाव बाह्य ऋण प्राप्तिमा देखिएको हो । महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार शनिबार बेलुकासम्म सरकारको कूल पुँजीगत खर्च वार्षिक लक्ष्यको ४२ प्रतिशत हाराहारी छ ।

**सार्वजनिक ऋण २६ खर्ब ५४ अर्ब**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी कूल ऋण रू २६ खर्ब ५४ अर्ब ६८ करोड पुगेको छ । चालु आर्थिक वर्षको सुरुमा कूल सार्वजनिक ऋण रू २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा गत जेठ मसान्तसम्ममा रू दुई खर्ब २० अर्ब ५८ करोड सरकारी ऋण थपिएको हो । गत जेठ मसान्तसम्मको कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ४७ प्रतिशत हुन्छ ।

त्यस्तै, हालसम्म सरकारले तिर्न बाँकी ऋणमा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव शून्य छ र आन्तरिक ऋणको हिस्सा ४७ दशमलव ९४ प्रतिशत छ । गत जेठ मसान्तसम्मको तथ्याङ्कअनुसार आन्तरिक ऋण रू १२ खर्ब ७२ अर्ब ५३ करोड र बाह्य ऋण रू १३ खर्ब ८२ अर्ब १२ करोड बराबर छ ।

सरकारले चालु आवमा रू पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको थियो । गत जेठ मसान्तसम्ममा रू चार खर्ब १४ अर्ब १९ करोड ऋण उठिसकेको छ । वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति ७५ दशमलव ७२ प्रतिशत हुन्छ । सरकारीको ऋणको साँवाब्याज भुक्तानीका लागि पछिल्लो ११ महिनामा रू तीन खर्ब २९ अर्ब ६० करोड खर्च भएको छ । यस वर्ष सरकारले साँवा ब्याज तिर्न रू चार खर्ब दुई अर्ब ८५ करोड बजेट छुट्याएको थियो ।

गत जेठ मसान्तसम्ममा आन्तरिक ऋणको साँवा तिर्नका लागि रू दुई खर्ब २३ अर्ब ३५ करोड ९४ लाख र आन्तरिक ऋणको ब्याज तिर्नका लागि रू ५४ अर्ब ३७ करोड २५ लाख खर्च भएको छ । त्यस्तै, यही अवधिमा बाह्य ऋणको साँवा तिर्नका लागि रू ४३ अर्ब २९ करोड र बाह्य ऋणको ब्याज तिर्नका लागि रू आठ अर्ब ५७ करोड ७३ लाख बराबर खर्च भएको कार्यालयले जनाएको छ ।

# राष्ट्र बैंकको अध्ययन : यस्ता छन् मधेस प्रदेशका आर्थिक चुनौती

काठमाडौं, ८ असार (रासस) ।

नेपाल राष्ट्र बैंकले मधेस प्रदेशको केही आर्थिक चुनौती रहेको उल्लेख गर्दै त्यसको सुधारका लागि सुझावसमेत दिएको छ । केन्द्रीय बैंकले सो प्रदेशका सम्बन्धमा गरेको अध्ययन प्रतिवेदन सार्वजनिक गर्दै प्रदेशभित्र हुने आर्थिक गतिविधिलाई औपचारिकीकरण गर्न प्रोत्साहित गरी राजस्वको दायरा बढाउनुपर्ने उल्लेख गरेको छ ।

स्वास्थ्योपचारका लागि गुणस्तरीय अस्पताल, चिकित्सक तथा विभिन्न स्वास्थ्य उपकरणको राम्रो व्यवस्था नभएकाले अधिकांश सीमावर्ती क्षेत्रका नागरिक भारतीय अस्पतालमा उपचार गराउन जानुपर्ने बाध्यता रहेको र त्यसका लागि भारतीय रुपैयाँको पनि माग अत्यधिक रहेको जनाएको छ । सो प्रदेशका अस्पतालमा आवश्यक उपकरण, दक्ष चिकित्सक, जनशक्ति तथा अन्य स्वास्थ्य उपकरणमा आवश्यक स्रोतसाधनको व्यवस्था गर्नु चुनौतीको रूपमा रहेको अध्ययनमा देखिएको छ ।

सरकारी विद्यालयहरूको गुणस्तर सुधार, व्यावसायिक तथा प्राविधिक शिक्षालाई प्राथमिकता र ग्रामीण क्षेत्रका स्वास्थ्य केन्द्रहरूलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउने कार्यलाई पनि चुनौतीका रूपमा देखाइएको छ । प्रदेशमा अवस्थित जनकपुर र वीरगञ्जजस्ता ठूला र व्यापारिक सहरलाई शैक्षिक हबका रूपमा विकास गर्दै शैक्षिक गुणस्तरमा सुधार गर्नु आवश्यक छ । वातावरणीय प्रदूषणलाई नियन्त्रण गर्दै प्रदेशलाई सुन्दर र आकर्षक प्रदेशका रूपमा विकास गर्नका लागि सहरी क्षेत्रका सडकमा जताततै थुप्रने फोहर व्यवस्थापन गर्नुपर्ने सुझाव दिइएको छ ।

कृषि उत्पादनका लागि उचित बजारमा पहुँच नहुनाले किसान प्रायः बिचौलियामा निर्भर रहेकाले बजारसम्म कृषि उपजको पहुँच विस्तार गर्नु तथा कृषि उपजको उचित मूल्य प्राप्तिको व्यवस्था गर्ने कार्यलाई चुनौतीका रूपमा देखाएको छ ।

त्यसैगरी, माछापालनका लागि प्रसिद्ध रहेको जनकपुर तथा परवानीपुरलगायत मत्स्य विकास भइरहेको स्थानमा माछा उत्पादन क्षमता थप अभिवृद्धि गर्नु जरुरी रहेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ । परम्परागत रूपमा हुँदै आएको निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्नु, कृषि क्षेत्रलाई प्रतिस्पर्धी बनाउन मलखादको सुलभ आपूर्ति, उत्पादित अन्नको उचित मूल्य प्राप्ति तथा व्यवस्थापन मिलाउनुका साथै बजारको प्रबन्ध गरी कृषिजन्य क्रियाकलापमा युवाहरूलाई आकर्षित गर्नु जरुरी रहेको छ । प्रदेशका दक्ष जनशक्ति विदेश पलायन हुने प्रवृत्तिमा वृद्धि भएकाले सेवा क्षेत्र सञ्चालनका लागि प्राविधिक, स्वास्थ्यकर्मी, शिक्षक, सूचना प्रविधिविज्ञको व्यवस्था गरी रोजगारीको वातावरण सृजना गर्ने कार्य पनि चुनौतीपूर्ण देखिएको छ ।

वैदेशिक रोजगारीमा रहेका युवाबाट प्राप्त विप्रेषणलाई स्थानीय तहको समन्वयमा उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु अत्यावश्यक छ । भौगोलिक तथा धार्मिक सम्पदा, जैविक विविधता आदिको उचित संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गन्तव्य क्षेत्रका रूपमा विकास गर्दै जानकी मन्दिर, पर्सा वन्यजन्तु आरक्ष, नजिकै रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष, सिन्धुलीको युद्ध सङ्ग्रहालय, भरत ताललगायत क्षेत्रको संरक्षण र संवर्द्धन गरेर आर्थिक गतिविधि बढाउनुपर्नेमा केन्द्रीय बैंकले जोड दिएको छ ।

मधेस प्रदेशमा निर्माण सुरु भएका आयोजना हुलाकी राजमार्ग, काठमाडौं-निजगढ द्रुतमार्ग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रम तथा निजगढ अन्तरराष्ट्रिय विमानस्थलजस्ता राष्ट्रिय गौरवका आयोजना विभिन्न सरोकारवाला निकाय तथा क्षेत्रहरूबीच समन्वय कायम गर्दै निर्धारित लागत र समय तालिकाभित्र सम्पन्न गर्ने कार्य चुनौतीपूर्ण रहेको अध्ययनको ठहर छ । प्रदेशमा वित्तीय साक्षरता अभिवृद्धि गरी सीमान्तकृत वर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्नु, आर्थिक गतिविधिलाई औपचारिकीकरण गर्न प्रोत्साहित गरी राजस्वको दायरा बढाउनु जरुरी रहेको अध्ययनले देखाएको छ ।

### लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# वीरगञ्ज नाकाबाट एक खर्ब ७४ अर्ब बराबरको पेट्रोलियम पदार्थ आयात

वीरगञ्ज (पर्सा), ८ असार (रासस)।

चालु आर्थिक वर्षको ११ महिनामा वीरगञ्ज नाका भएर रु एक खर्ब ७४ अर्ब नौ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ। डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल ( एटिएफ) र मट्टितेल आयात भएको हो। समग्रमा गत आवको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा पाँच थरिका पेट्रोलियम पदार्थ आयात भने रु एक अर्ब छ करोडले घटेको छ। सो अवधिमा मूल्यका आधारमा पेट्रोलियम पदार्थको आयात घटे पनि सोबाट प्राप्त हुने राजस्व भने ११ दशमलव ६६ प्रतिशत अर्थात् रु सात अर्ब ६४ करोडले बढेको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख दीपक लामिछानेका अनुसार कार्यालयले चालु आवको ११ महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट भएको छ। यहाँको राजस्व पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको छ।

चालु आवको ११ महिनामा पाँच थरिका पेट्रोलियम पदार्थको आयातबाट कार्यालयले रु ७३ अर्ब १८ करोड सङ्कलन गरेको छ। जबकि गत आवको सोही अवधिमा पाँचै थरिका पेट्रोलियम पदार्थको आयातबाट रु ६५ अर्ब ५४ करोड सङ्कलन भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको जेठ मसान्तसम्म रु ८९ अर्ब ७६ करोड मूल्य पर्ने १० लाख ३० हजार २५३ किलोलिटर डिजेल आयात भएको छ। गत आवको सोही अवधिमा भने रु ९३ अर्ब ६३ करोड मूल्य पर्ने नौ लाख २१ हजार २७५ किलोलिटर डिजेलको आयात भएको छ। डिजेल आयातबापत कार्यालयले रु ४१ अर्ब तीन करोड राजस्व सङ्कलन गरेको छभने गत आवको सोही अवधिमा भने रु ३६ अर्ब चार करोड सङ्कलन गरेको थियो।

त्यसैगरी, चालु आवको ११ महिनामा रु ३५ अर्ब ३४ करोडको चार लाख १३ हजार ५०४ किलोलिटर पेट्रोल आयात भएको छ। जबकि गत आवको ११ महिनामा रु ३६ अर्ब चार करोडको तीन लाख ६१ हजार ७२७ किलोलिटर पेट्रोलको आयात भएको छ। पेट्रोल आयातबाट कार्यालयले रु २३ अर्ब ३८ करोड राजस्व सङ्कलन गर्‍यो भने गत आवको सोही अवधिमा रु २० अर्ब ७३ करोड सङ्कलन गरेको छ।

यो नाका हुँदै चालु आवको ११ महिनामा रु ३३ अर्ब ३५ करोडको २९ करोड १४ लाख २० हजार २०९ किलोग्राम एलपिजी ग्यास आयात भएको छ। जबकि गत आवको सोही अवधिमा रु २७ अर्ब ७१ करोडको २५ करोड ७९ लाख ३८ हजार ९७६ किलोग्राम एलपिजी ग्यास आयात भएको छ। ग्यास आयातबापत रु छ अर्ब २४ करोड राजस्व सङ्कलन गर्‍यो भने गत आवको सोही अवधिमा ग्यास आयातबाट रु पाँच अर्ब १६ करोड सङ्कलन गरेको छ।

वीरगञ्ज नाका हुँदै चालु आवको ११ महिनामा रु १५ अर्ब तीन करोड मूल्यको एक लाख ६७ हजार ३९८ किलोलिटर एटिएफ आयात भएको छ। जबकि गत आवको ११ महिनामा भने रु १७ अर्ब ११ करोड मूल्यको एक लाख ६१ हजार ८९२ किलोलिटर एटिएफ आयात भएको छ। एटिएफ आयातबापत रु दुई अर्ब ३५ करोड सङ्कलन गर्न सफल भएको छ। जबकि गत आवको सोही अवधिमा रु दुई अर्ब ४७ करोड राजस्व सङ्कलन गरेको थियो।

यो नाका हुँदै चालु आवको ११ महिनामा रु ५९ करोड मूल्य पर्ने छ हजार ७३० किलोलिटर मट्टितेल आयात भएको छ। गत आवको सोही अवधिमा भने ६३ करोड मूल्यको छ हजार १२० किलोलिटर मट्टितेल आयात भएको छ। मट्टितेल आयातबाट रु १६ करोड राजस्व सङ्कलन गर्‍यो भने गत आवको सोही अवधिमा रु १६ करोड नै राजस्व सङ्कलन गरेको थियो।

# ‘विद्यालय तहका पाठ्यक्रममा यौन शिक्षा आवश्यक छ’

काठमाडौँ, ८ असार (रासस)।

यौन तथा प्रजनन स्वास्थ्यका बिषयमा विद्यालय तहबाट शिक्षा दिन सके यसको अभावमा आउनसक्ने समस्या समयमा समाधान गर्न सकिने सरोकार भएकाहरूले बताउनुभएको छ।

सीप सूचना समाज (सिसो), नेपाल र प्लान इन्टरनेसनल नेपालको सहकार्यमा आयोजित ‘यौन तथा प्रजनन स्वास्थ्य अधिकार’सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रमका सहभागीले यौन तथा प्रजनन स्वास्थ्यबारे जनचेतना फैलाउन नसकिएको भन्दै पाठ्यक्रममा आधारित बृहत्तर यौन शिक्षाको आवश्यकता औँल्याउनुभएको हो।

सिसो नेपालका कार्यकारी निर्देशक खुमानन्द सुवेदीले विद्यालय तहबाट यौन शिक्षा दिन सकिएमा यसबाट उत्पन्न हुने समस्याको निराकरण गर्न सहज हुने धारणा राख्नुभयो। उहाँले यौन तथा प्रजनन शिक्षा सबै उमेर समूहका लागि आवश्यक पर्ने उल्लेख गर्दै किशोरकिशोरी केन्द्रित योजना कार्यान्वयनले यससम्बन्धी समस्या समाधानमा सकारात्मक भूमिका निर्वाह हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले साङ्गीतिक कार्यक्रम अनिवार्य विषय बनाइराख्दा स्वास्थ्य शिक्षा भने ऐच्छिक राखिनु मनासिब नहुने बताउनुभयो। उहाँले भन्नुभयो, “यौन शिक्षा अनिवार्य बनाइनुपर्छ। कानुनले व्यवस्था गरेका अधिकारका बारेमा युवा तथा किशारकिशोरीलाई केही जानकारी छैन। स्वास्थ्य शिक्षा विषयका शिक्षकको दरबन्दी छुटचाउनुपर्छ। पाठ्यक्रममा आधारित बृहत्तर यौनिकता शिक्षा आवश्यक छ।”

यौन तथा प्रजनन स्वास्थ्य विज्ञ खेम कार्कीले यौन स्वास्थ्य सबैका लागि आवश्यक विषय भए पनि समाजमा आफ्ना समस्या खुलेर राख्न र बहस गर्न नसक्ने परिपाटी रहेको बताउनुभयो। उहाँले यसबारे सचेतना फैलाउन, यौन स्वास्थ्य शारीरिक, मानसिक र सामाजिक रूपमा आवश्यक छ भन्ने बुझाउन सरोकार भएका निकाय, सञ्चरकर्मी, सञ्चारमाध्यमलगायतको सहकार्य र समन्वयमा पैरवी गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले यौन तथा प्रजनन स्वास्थ्यका बारेमा आमनागरिकलाई बुझाउन नसक्दा कतिपय घरेलु हिंसा बढेका बताउनुभयो। “अस्वस्थ्यकर जीवनशैलीले पनि मानिसमा यौन दुर्बलताको समस्या बढाइरहेको छ। यौन तथा प्रजनन स्वास्थ्यका विषयमा सामाजिक सङ्कीर्णता तथा गलत भाष्य व्याप्त छन्, यसलाई चिर्नुपर्छ।”

प्रेस काउन्सिलका बोर्ड सदस्य पदमराज जोशीले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारसमबन्धी पर्याप्त समाचार सङ्कलन हुन नसकेको बताउनुभयो। उहाँले यो संवेदनशील विषय भएकाले यसबारेमा समाचार सङ्कलन, सम्प्रषण गर्दा गोपनीयताका साथै भाषामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो। शुक्रबारदेखि सुरु अभिमुखीकरण शनिबार सम्पन्न भएको हो। अभिमुखीकरणमा धनुषा, महोत्तरी, बाँके, बर्दिया, कालीकोट, जुम्लालगायतका सञ्चारकर्मीको सहभागिता थियो।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**डाक्नेश्वरी नगरपालिका, सप्तरी**


## विश्व समाचार

### अमेरिकी आक्रमणले इरानका आणविक स्थलहरू ‘पूर्ण रूपमा ध्वस्त’ : ट्रम्प

वासिङ्टन, ८ असार (रासस/एएफपी)।

राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार अमेरिकी हवाई आक्रमणले इरानका मुख्य आणविक स्थलहरू ‘पूर्ण रूपमा नष्ट’ गरेको बताउनुभएको छ। यो आक्रमणले वासिङ्टनलाई तेहरानसँगको इजरायलको युद्धमा सामेल गराएको छ र मध्यपूर्वका लागि यो एक महत्त्वपूर्ण क्षण बनेको छ।

ह्वाइट हाउसबाट राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गर्दै ट्रम्पले इरानले चाँडै शान्ति कायम नगरे संयुक्त राज्य अमेरिकाले थप लक्ष्यहरू पछ्याउने चेतावनी दिनुभयो।

यस क्षेत्रमा अर्को ‘सदाका लागि युद्ध’ बाट बच्न वाचा गर्नुभएका अमेरिकी राष्ट्रपतिको हस्तक्षेपले द्वन्द्वलाई नाटकीय रूपमा फराकिलो बनाउने खतरा निम्त्याएको छ। वासिङ्टन संलग्न भयो भने इरानले बदला लिने बताएको छ।

“आज राति म संसारलाई रिपोर्ट गर्न सक्छु कि आक्रमणहरू एक शानदार सैन्य सफलता थिए”, ट्रम्पले भन्नुभयो। उहाँले आक्रमणले फोर्डोको महत्त्वपूर्ण भूमिगत आणविक संवर्धन प्लान्ट तथा नातान्ज र इस्फाहानका सुविधाहरूलाई लक्ष्य बनाएको बताउनुभयो।

“इरानका मुख्य आणविक संवर्धन सुविधाहरू पूर्ण रूपमा र सम्पूर्ण रूपमा ध्वस्त भएका छन्। मध्यपूर्वको बदमाशी गर्ने इरानले अब शान्ति बनाउनुपर्छ”, उहाँले भन्नुभयो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आक्रमणका लागि ट्रम्पलाई बधाई दिँदै भन्नुभयो, “संयुक्त राज्य अमेरिकाको भयानक र धार्मिक शक्तिले इतिहास परिवर्तन गर्नेछ।”

अमेरिकी आक्रमणलाई ‘गैरकानूनी र आपराधिक’ भनी निन्दा गर्दै इरानी विदेशमन्त्री अब्बास अराघचीले आफ्नो देशको सार्वभौमसत्ताको रक्षा गर्ने अधिकार रहेको बताउनुभयो।

“आइतबार बिहानका घटनाहरू अपमानजनक छन् र तिनका चिरस्थायी परिणामहरू हुनेछन्”, उहाँले एक्समा पोस्ट गर्नुभयो, “इरानले आफ्नो सार्वभौमसत्ता, हित र जनताको रक्षा गर्न सबै विकल्प सुरक्षित राख्छ।”

त्यसको लगत्तै तेल अभिवमा साइरन बज्यो र जेरुसेलमबाट विस्फोटको आवाज आयो। इरानी राज्य टिभीले नयाँ मिसाइल आक्रमण सुरु गरेको घोषणा गरेको छ।

तेहरानले आइतबार अमेरिकी आक्रमणपछि ‘प्रदूषणको कुनै सङ्केत नभएको’ र साउदी नियामकहरूले खाडी क्षेत्रमा ‘कुनै रेडियोधर्मी प्रभाव फेला नपरेको’ बताएको छ। इरानी मिडियाले फोर्डो प्लान्टको केही भागका साथै इस्फहान र नातान्ज आणविक स्थलहरूमा आक्रमण भएको पुष्टि गरेको छ।

### इजरायल र अमेरिकाको संयुक्त कदम, अमेरिकाद्वारा इरानका तीन आणविक केन्द्रमा आक्रमण

वाशिङ्गटन, ८ असार (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकाले इरानका तीन मुख्य आणविक केन्द्र फोर्डो, नातान्ज र इस्फहानमा हवाई आक्रमण गरेको बताउनुभएको छ। यस आक्रमणले क्षेत्रीय तनाव र युद्धको सम्भावना बढाएको छ।

यस घटनाले विश्व अर्थतन्त्र र तेल कारोबारमा पनि प्रभाव पार्ने सम्भावना रहेको विश्लेषकहरूले बताएका छन्। राष्ट्रपतिले आफ्नो सामाजिक सञ्जाल मार्फत भन्नुभयो, “सबै विमानहरू अहिले इरानको आकाशबाट बाहिर छन्। फोर्डोमा मुख्य स्थलमा पूर्ण बमबारी गरियो।”

उहाँले थप्नुभयो, “सामान्य रुपमा बमबारी गरियो र मुख्य स्थल फोर्डोलाई लक्षित गरियो।” यस घटनाले विश्वव्यापी रुपमा नयाँ तनाव सिर्जना भएको छ। अमेरिकी अधिकारीहरूका अनुसार, यसले इरानको आणविक कार्यक्रमलाई कडा धक्का पुऱ्याएको हो। राष्ट्रपति ट्रम्पको यस अभिव्यक्तिपछि इरानले प्रतिक्रिया दिने तयारी गरिरहेको देखिन्छ।

### फ्रान्समा बन्दुकधारीको आक्रमणमा बेहुलीसहित दुईजनाको मृत्यु

पेरिस, ८ असार (रासस/एएफपी)।

फ्रान्सको दक्षिणपूर्वी क्षेत्रमा आइतबार बिहान एक विवाह समारोहमा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा बेहुलीसहित दुई जनाको मृत्यु भएको छ। आक्रमणबाट अन्य तीन जना घाइते भएको अनुसन्धानमा संलग्न एक स्रोतले जनाएको छ।स्थानीय समयअनुसार बिहान ४:३० बजेको समयमा गौल्ट गाउँमा आक्रमण भएको थियो।

प्रारम्भिक जानकारीअनुसार दुलहा र दुलही पार्टीबाट निस्कँदै गर्दा नकाबपोश आक्रमणकारीले गोली चलाएको अनुसन्धानमा संलग्न स्रोतले जनाएको छ। आक्रमणकारीमध्ये एकको दुलाहा र दुलही बोक्ने गाडी सुरक्षाका लागि भाग्दै गर्दा त्यसले दिएको ठक्करबाट मृत्यु भएको र दुलहीको आक्रमणकारीको गोली लागी मृत्यु भएको थियो। स्रोतका अनुसार गोली काण्डमा संलग्नको खोजीका लागि करिब १०० जना प्रहरी परिचालन गरिएको छ।

# वर्तमान सरकारप्रति नागरिकमा असन्तुष्टि छ : मन्त्री लेखी




**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले वर्तमान सरकारप्रति नागरिकमा असन्तुष्टि रहेको बताएका छन् ।

आइतबार सर्लाहीको लालबन्दीमा चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्ड मधेश प्रदेश जनकपुरधामको आयोजनामा छायांकन तथा सम्पादन सम्बन्धी सात दिवसीय प्रशिक्षण कार्यक्रममा प्रमुख अतिथिको आसनबाट सो कुरा बताएका हुन् ।

"मधेशका जनतामा आक्रोश छ । युवाहरूमा निराशा छ । मधेश सरकार अझै पूर्ण रूपमा आत्मनिर्भर बन्न सकेको छैन । अझै धेरै कानुन, नीति र निर्देशिका निर्माणको आवश्यकता छ ।" मन्त्री लेखीले भने, "मधेश प्रदेश अझै कर्मचारी, सुरक्षा तथा प्रशासनिक संरचनामा प्राप्त नगरेको अवस्थामा छ ।"

उनले सेवा प्रवाहको सन्दर्भमा भने, "जनतालाई सोचेजस्तै, चाहेझैं सेवा दिन सकिएको छैन । सरकारको प्रयासका बाबजुद नागरिक अपेक्षा अनुसारको परिणाम दिन सकिएको अवस्था छैन ।"

चलचित्र तथा लोकसञ्चार प्रवर्द्धन बोर्डका अध्यक्ष किशोर कुमार लेखीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मिडिया काउन्सिल मधेश प्रदेशका सदस्य मन्नु पासवान, बन्दना झा, चलचित्रकर्मी तथा दृश्य-श्रव्य माध्यममा संलग्न युवाहरु सहभागी थिए ।

सात दिनसम्म सञ्चालन हुने तालिममा चलचित्र तथा सञ्चार क्षेत्रका विज्ञहरूले छायांकन, सम्पादन र प्रविधि सम्बन्धी विभिन्न सैद्धान्तिक तथा प्रयोगात्मक सत्र लिने कार्यक्रम रहेको छ ।

# मिडिया काउन्सिलका अध्यक्ष उपाध्याय दोषि ठहर

**दैनिक समाचारदाता**
**राजविराज, ८ असार ।**
मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्याय भ्रष्टाचार गरेको अभियोगमा दोषी ठहर भएका छन् ।

अध्यक्षमा नियुक्त भए भएको २४ घण्टा नबित्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपाध्याय विरुद्ध गत वैशाख ९ मा विशेष अदालतमा मुद्दा दायर गरेकोमा विशेष अदालतका अध्यक्ष एवम् न्यायाधीश टेकनारायण कुँवर, सदस्य एवम् न्यायाधीश रामबहादुर थापा र रितेन्द्र थापाको संयुक्त इजलासले उपाध्यायलाई ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना तिराउने फैसला गरेको हो ।

उपाध्यायले बाराको पचरौता नगरपालिकाको दुई वटा ठेक्काको टेन्डर सूचना राष्ट्रिय स्तरको दैनिकमा प्रकाशन गर्नुपर्नेमा रेकर्डका लागि मात्र दैनिक पत्रिकामा एकप्रति प्रिन्ट गराएर बिल भरपाई बनाइ ३ लाख ५२ हजार ५६० रूपैयाँ हिनामिना गरेको भन्दै आयोगले अदालतमा मुद्दा दायर गरेको थियो ।

नियुक्त भएको दोश्रो दिनमा नै आयोगले उनी बिरुद्ध भ्रष्टाचार गरेको अघियोगमा मुद्दा चलाएपछि निलम्बनमा परेका थिए ।

नगरपालिकासँगको मिलेमतोमा उनले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेका थिए । उपाध्यायको कम्पनी केएस मल्टीपरपोज प्राली‌लाई १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गरेको छ ।

उक्त कार्यमा संलग्नता देखिएका नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादवलाई पनि ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गराउने फैसला गरेको छ ।

नगरपालिकाका लेखापाल हासिम मिया अन्सारीले प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार भुक्तानी मात्रै दिएको तर उनी विरुद्ध ठोस एवम् वस्तुतिष्ट प्रमाणबाट दोषी पुष्टि नभएपछि उनलाई सफाई दिएको छ ।

नेपाल पत्रकार महासंघ बाराका पूर्वअध्यक्ष तथा प्रेस चौतारी नेपालका पूर्वसचिव रहेका उपाध्याय बाराबाट प्रकाशन हुने कृपा दैनिकका प्रकाशक तथा सम्पादक समेत हुन् ।

# खैरो हिरोइनसहित दुई जना पक्राउ

भद्रपुर (झापा), ८ असार (रासस) ।
झापाको भद्रपुर भन्सार चोकबाट लागुऔषध खैरो हिरोइनसहित दुई जना पक्राउ परेका छन् ।

प्रहरीले विशेष सूचनाका आधारमा भारतबाट नेपाल प्रवेश गर्दै गरेको सवारीसाधन जाँच गर्ने क्रममा लागुऔषध फेला पारी उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार भद्रपुर नगरपालिका-५ स्थित भन्सार चोकमा बागमती प्रदेश ०१-०३० च ७७९३ नं को को नेटा कम्पनीको नीलो रङको कारको चालक बस्ने सिटमुनि लुकाएको अवस्थामा खैरो हिरोइन ४७ दशमलव ६९ ग्राम खैरो हिरोइन बरामद गरेको हो । उहाँका अनुसार पक्राउपर्नेमा काठमाडौं महानगरपालिका-२६ बस्ने २४ वर्षीय निवेश कुँवर र लमजुङ कोलासोताङ गाउँपालिका- ७ बस्ने २२ वर्षीय रोजिना रानामगर रहेका छन् ।

पक्राउ परेका दुवै जनालाई लागुऔषधसम्बन्धी कसुरमा अनुसन्धान गर्न जिल्ला अदालत झापाबाट पाँच दिनको म्याद लिइएको प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो ।

# कृषिको आधुनीकिकरणका लागि नीतिगत सुधार गर्नुपर्नेमा जोड

काठमाडौँ, ८ असार (रासस) ।
राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाश श्रेष्ठले कृषिको आधुनीकिकरण र व्यवसायीकरणका लागि नीतिगत सुधार गर्नुपर्नेमा जोड दिनुभएको छ । नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज)द्वारा शनिबार यहाँ आयोजित अन्तरक्रिया कार्यक्रममा उहाँले मुलुकको आर्थिक विकासका लागि कृषि उत्पादन वृद्धि गर्न नीतिगत सुधारको आवश्यकता औँल्याउनुभयो ।

कृषि क्षेत्रमा यन्त्रीकरण, बजारीकरण, भण्डारणको अभाव हुन नदिन विद्यमान समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिँदै श्रेष्ठले सरकारले उत्पादनको आधारमा कृषकलाई सहुलियत तथा अनुदानको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

मुलुकमा कृषि, पर्यटन, पूर्वाधार तथा उद्योग क्षेत्रलेबेरोजगार युवालाई रोजगारीका अवसर सृजना गर्ने उल्लेख गर्दै उहाँले त्यसका लागि आवश्यक पुँजी व्यवस्थापनका लागि वाणिज्य बैंकले क्षेत्रीय विशिष्टताका आधारमा लगानी गर्नुपर्ने धारणा राख्नुभयो । डा श्रेष्ठले वितरणमुखी बजेटलाई सुधार गर्न रु तीन करोड भन्दा कम लागतका परियोजना समावेश नगर्ने नीति राखिएको प्रष्ट पार्नुभयो ।

नविल बैंकका प्रमुख कार्यकारी मनोज ज्ञवालीले पुँजी सञ्चय तथा लगानी विस्तार गर्न बैंक तथा वित्तीय संस्थाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै आमजनताले निक्षेप सङ्कलन गरेको रकमलाई बैंकले कर्जा प्रवाह गर्दा धितो सुरक्षालाई ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

# 'निर्वाचन प्रणाली बदल्नुपर्छ'

काठमाडौं, ८ असार (रासस) ।
सांसदहरूले निर्वाचन प्रणाली बदलेर नयाँस्वरूपमा जानुपर्नेमा जोड दिनुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८२ का विभिन्न शीर्षकमाथि जारी छलफलअन्तर्गत आइतबार तोकिएका विषयका बारेमा विचार राख्नुहुँदै सांसद महेन्द्र शाहीले निर्वाचन प्रणालीकै कारण सुशासनमा समस्या भएकोलगायत विकृतिका बारेमा चर्चा हुने गरेकाले यसलाई बदल्नुपर्ने बताउनुभयो । वार्षिक पुँजी वृद्धि कसरी गर्न सकिन्छ भन्नेतिर ध्यान नगएको, जम्मा भएको राजस्व बाँड्नेमात्र अर्थमन्त्रीको काम हो कि जस्तो भान पार्न नहुने पनि उहाँले सुनाउनुभयो ।

सांसद प्रकाश ज्वालाले सहरी विकास मन्त्रालयलाई बिचौलियाको कमाइ खाने भाँडो बनाइएको बताउनुभयो । गणेशमान सिंहका नाममा रु ५७ करोड बजेट छुट्याएर अपमान गर्न खोजिएको उहाँको विचार छ । पुष्पलालका नाममा रु ७० लाख बजेट दिइएको पनि सांसद ज्वालाले बताउनुहुँदै यस्ता विनियोजनले जनताको करको दुरूपयोग भएको भनाइ राख्नुभयो ।

कर्णाली प्रदेशमा राष्ट्रिय खेलकुद प्रतियोगिता गर्ने भनी संरचना बनाइए पनि हुन नसकेको उहाँले सुनाउनुभयो । प्रविधिमैत्री कानुन नबनाए विकास निर्माणका काम अघि बढ्न नसक्ने सांसद ज्वालाको भनाइ थियो ।

सांसदद्वय रञ्जुकुमारी झा र अब्दुल खानले उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष जिम्मेवारी दिनुपर्ने, विभिन्न निकायमा नियुक्त गरिने सल्लाहकारको सङ्ख्या घटाइनुपर्ने, युवा नीतिमार्फत युवालाई उद्यममा जोड्नुपर्ने, पठाओ, इनड्राइभ, यङ्गुलगायतले युवालाई रोजगारी दिएकाले यसलाई कानुनी रुपमा व्यवस्थित गरिनुपर्ने, युवा विकास निर्माण आर्मी गठन गर्नुपर्नेमा उहाँहरूले जोड दिनुभयो ।

# भारतको उत्तराखण्डमा बन्धक बनाइएका ३५ नेपालीको उद्धार

काठमाडौं, ८ असार (रासस) ।
भारतको उत्तराखण्डको काशिपुरमा आकर्षक जागिरको प्रलोभनमा नेपालका विभिन्न जिल्लाबाट बोलाइ बन्दी बनाइका ३५ युवाको उद्धार गरिएको छ ।

बन्दी बनाएर कुटपिट र यातना दिइ विभिन्न शीर्षकमा रकम असुलेको जानकारी आएपछि परराष्ट्र मन्त्रालयको निर्देशनबमोजिम उद्धार गरिएको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासले जनाएको छ । उनीहरुलाई राजदूतावासले उत्तराखण्ड प्रहरी र 'किन इण्डिया' नामक सामाजिक संस्थाको सहयोगमा यही असार ५ गते उद्धार गरेको हो ।

उक्त घटनासँग सम्बन्धित केही व्यक्तिलाई उत्तराखण्ड प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको र उत्तराखण्डको अन्य स्थानमा बन्दी बनाइएका, थप नेपाली युवाको खोजी र उद्धार जारी रहेको दूतावासले जनाएको छ । साथै उद्धार गरिएकाहरुलाई कानुनी प्रक्रिया सम्पन्न गरी नेपाल पठाइने जनाइएको छ ।

### चार दिनअघि मात्र ...

हुनसक्छ, मैले बिहान ७ बजेतिर मात्र जानकारी पाएको हुँ,"

गत बुधवार मात्र मुख्यमन्त्री सिंहले थ्री फेज कृषी विद्युतिकरण कार्यको शुभारम्भ गरेका थिए । कृषिमा उत्पादन वृद्धि र सिंचाइको सुविधा सहज बनाउने उद्देश्यले नगरपालिकाभित्रको वडाहरू २, ५, ६, ७ र ८ का हजारौं कृषकहरूलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

उक्त विद्युतिकरण कार्यले ती क्षेत्रका कृषकहरूले डिजेलपम्पमा निर्भर हुनु नपर्ने नगरप्रमुख माझीले बताउँदै सिंचाइका लागि आवश्यक पर्ने विद्युत महसुल नगरपालिकाले नै व्यहोर्ने जनाए ।

थ्री फेज विद्युतिकरणपछि किसानले सहज रूपमा मोटरपम्प चलाउन सक्ने र समयमै खेतमा पानी पुऱ्याउन सक्ने भएकाले उत्पादनमा उल्लेख्य वृद्धि हुने आशा गरिएको छ ।

### दुई मोटरसाईकल ...

भएका थिए । उनलाई उपचारपछि न्युरो अस्पतालबाट डिस्चार्ज गरिएको प्रहरीले जनाएको छ ।

दुर्घटनाग्रस्त दुवै मोटरसाइकल नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक काफ्ले बताए ।

### नगरपालिका कर्मचारीको ...

तत्कालिन प्रमुख प्रशाकीय अधिकृत डा.श्रवणकुमार साहको सरुवा र शिक्षा अधिकृत भोगेन्द्रप्रसाद यादवलाई निमित्त प्रमुख प्रशासकीयको जिम्मेवारी दिइएपछि निलम्बित नगरप्रमुख यादव र कार्यवाहक नगरप्रमुख इसरत परवीनबीचको विवादले राजविराज नगरपालिका तनावग्रत बनेको थियो । सोही क्रममा निलम्बित नगरप्रमुख यादव समर्थकहरुले कर्मचारीहरु माथि दुर्व्यवहार र कुटपीट भएको थियो । त्यस विषयमा दुबैपक्षले जिल्ला प्रहरीमा जाहरी दिएपछि प्रमुख जिल्ला अधिकारी भोला दाहालको पहलमा बसेको सर्वदलिय बैठकले दुवै पक्षको गल्ती भएको ठहर गर्दै गल्ती गर्नेहरुले आत्मआलोचना सहित माफी माग्नुपर्ने सहितको निर्णय गरेपनि त्यो कार्यान्वयन हुन सकेको छैन् ।

संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले राजविराज नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृत हरिकिशोर प्रसाद चन्द्रवंशीलाई पठाइ सकेपछि प्रमुख प्रशाकीय अधिकृतकै विषमा भएको विवाद किनारा लागेपछि कर्मचारीको माग सम्बोधन र कार्यालय संचालनको विषयमा कुनै ठोस निष्कर्ष नआउनुले असार १० गते ल्याउनुपर्ने नीति कार्यक्रम तथा बजेट पनि नआउने सम्भावना बढेको छ ।

नगरपालिकाको कर्मचारीहरु एक सातादेखी कामकाज ठप्प पारेर धर्नामा बस्दा कामकाज पूर्णरुपमा प्रभावित भएको छ । आर्थिक वर्षको पूर्वसन्ध्यामा नगरपालिकाको सबै काम प्रभावित भएको हो । अत्यावश्यक काम बाहेक सबै काम ठप्प छ । नगरपालिकाको मुख्य आयश्रोत राजश्व हो, तर सो शाखामा पनि तालाबन्दी गरि कर्मचारी धर्नामा बसेका कारण राजश्व संकलन समेत हुन पाएको छैन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np